# सोलुखुम्बु जिल्ला अदालत

## सल्लेरी सोलुखुम्बु

पत्र सख्या मिति २०७५।०५।२५

चलानी नम्बर २८१

Email:-infodcsolukhumbu@dcourt.gov.np

विषय- जग्गा खालि गरीदिने सम्बन्धमा।

श्री नेपाली सेना ,अरिदमन गुल्म,
सल्लेरी सोलुखुम्बु ।

प्रस्तुत सम्बन्धमा यस अदालतको नाममा रहेको सोलुखुम्बु जिल्ला सोलुदुधकुण्ड नगरपालिका वडा नं ५ स्थित कि.नं.२२२४ क्षेत्रफल १०७५० व.मि. ( २१-२-० रोपनी )जग्गामध्ये करिव १६-०-० रोपनी जग्गा त्यस गुल्मको ब्यारेक भित्र परेको र बाँकी ५-२-२-० जग्गा मात्र यस अदालतको प्रयोगमा रहेको ब्यहोरा बिदितै छ । यस अदालतको लागि आवश्यक अदालत भवन, न्यायाधीश आवास भवन, सुरक्षा भवन तथा पाहुनाघर लगायतका अन्य भौतिक निर्माणकोलागि यस अदालतको प्रयोगमा रहेको जग्गाले मात्र नपुग्ने भइ थप जग्गा आकश्यक परेकाले उक्त प्रयोजनकोलागि सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री दीपककुमार कार्कीज्यू र मुख्य रजिस्टार श्री राजनप्रसाद भट्टराइज्यूबाट अदालतको भौतिक निरिक्षणको क्रममा स्थानीय तहबाट प्रक्रिया अगाडि बढाइ पहल गर्नु भन्ने भएको आदेशानुसार यो पत्र लेखे काम भएको छ ।अत: यस अदालतको नाममा दर्ता रहि त्यस गुल्मको प्रयोगमा रहेको जग्गाको तारवार हटाइ खालि गरी अदालतको भौतिक निर्माण गर्ने काममा सहयोग गरी दिनु हुन अनुरोध गर्दछु।

२०७५।५।२५

देवेन्द्र ढकाल
सेरेस्तेदार

वोधार्थ
श्री रक्षा मन्त्रालय ।
श्री सर्वोच्च अदालत ।
श्री उच्च अदालत विराटनगर ।
श्री उच्च अदालत विराटनगर अस्थाई इजलास ओखलढुगा।